# इटहरी उपमहानगरपालिका
## Itahari Sub-Metropolitan City
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
इटहरी,सुनसरी।

पत्र संख्या-२०७९/८०
चलानी नं.- ६६२

मिति-२०८०।०३।२९

विषय-निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,
इटहरी उपमहानगरपालिका,सुनसरी।

प्रस्तुत विषयमा नगर शिक्षा समिति इटहरीको मिति २०८०।३।२९ को निर्णयानुसार तपसिलका निर्णयहरु अनिवार्य रुपमा कार्यान्वयन गरी गराइ शिक्षा, युवा तथा खेलकुद महाशाखमा जानकारी गराउनुहुन अनुरोध छ।

कार्यान्वयन गर्नुपर्ने निर्णयहरुः-

क. सामुदायिक विद्यालयहरूमा कार्यरत प्रध्यानाध्यापक शिक्षक तथा कर्मचारीको विदा सम्बन्धमा प्र.अ.को हकमा ३ दिन भन्दा बढीको बिदा स्वीकृत विद्यालय ब्यवस्थापन समिति र शिक्षा, युवा तथा खेलकुद महाशाखाको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले गर्ने र शिक्षक तथा कर्मचारीको हकमा ३ दिनसम्म सम्बन्धित विद्यालयको प्र.अ.ले गर्ने र ३ दिनभन्दा बढीको बिदा स्वीकृत प्र.अ.को सिफारिसमा शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुखले स्वीकृत गर्ने निर्णय गरियो।

ख. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि विद्यालय सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन सामुदायिक विद्यालयका प्रध्यानाध्यापकहरूले ९.३० बजे विद्यालयमा उपस्थित हुनुपर्ने निर्णय गरियो।

ग. सामुदायिक विद्यालयहरुको शैक्षिक सत्र २०८० मा पठन पाठनमा भएको वियषयगत कार्य प्रगति, का साथै परीक्षा व्यवस्थापन सम्बन्धी विवरण तयार गरी ७ दिनभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेश गर्न लगाउने निर्णय गरीयो।

सादर अवगतार्थः-
श्रीमान् नगर प्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी।
श्रीमान् नगर उपप्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी।

.....................
फाल्गुनीप्रसाद काफ्ले
(शाखा अधिकृत)

शाखा अधिकृत